# थोराङ अर्थात् मिर्मिरे बिहान



कृष्णमुरारी भण्डारी

थोराङको स्थानीय भाषामा अर्थ हुनेरहेछ-मिर्मिरे । अर्थात् बिहानको मिर्मिरे उज्यालोमा काटिसक्नुपर्ने भञ्ज्याङ । ढिला गर्‍यो कि चर्को घाम, चिप्लिने हिउँ र मान्छे उडाउला जस्तोगरी चल्ने हावाले यात्रामा अवरोध पुर्‍याउने रहेछ । त्यसमाथि अठार हजार फिट उचाइ पार गर्नुपर्ने हुनाले लेक लाग्ने समस्याले गाँज्ने खतरा पनि भइरहने रहेछ ।

हिमाल पारिको जिल्ला भनिने मनाङ-मुस्ताङका वासिन्दा वारपार गर्ने भञ्ज्याङको नाम हो, थोराङ । ५ हजार ४ सय १६ मिटर अग्लो यो संसारकै एक उच्च भञ्ज्याङ रहेछ ।

थोराङ ला नेपालीहरूमाझ उति चर्चा नपाएको तर विदेशीबीच असाध्यै प्रख्यात नाम हो । यो ठाउँ नेपालमा पर्छ, तर धेरै नेपालीलाई थाहा छैन । विदेशीलाई भने यो ठाउँको अन्तर-कुन्तरबारे थाहा छ । संसारका धेरै भाषामा थोराङ लाबारे पुस्तकहरू पनि प्रकाशित छन् ।

थोराङ भञ्ज्याङ त हो, तर पार गर्न हिमाल चढे सरहको बन्दोबस्ती गर्नुपर्ने । पदयात्रीले सरसामान जोडेरमात्र पनि नहुने, आफ्नो मन पनि तयार पार्नुपर्ने रहेछ । तन र मन मिलेपछि मात्र थोराङ लाको पदयात्रा जीवनभर काउकुती लगाउने यात्रा बन्नेरहेछ । जति हिँड्यो, उती काउकुती । अर्थात् जति काउकुती उती हाँसो, अनि हाँसोसँगै आँसु ।

यो यात्रामा उत्साह, उमंग, अत्यास सबै अनुभूति हुनेरहेछ । मन मिल्ने जोडीको मित्रता यात्रामा थकान दूर गर्ने भरपर्दो साधन हुनेरहेछ- एकअर्काका लागि । जोडी नहुनेका जोर आँखा जोडीको खोजमा पल्याक-पुलुक यात्राभरि देख्न सकिन्छ ।

छोटा कथाका वादशाह भनिने ओ हेनरीको एउटा कथाको सम्झना थोराङ बेसक्याम्पमा भयो । एक्लै खित्तित्त हाँसेको देखेर सहयात्री पत्रकार बद्री पौडेलले भनिहाले, 'विना मेघको वर्षाझैं मिच्चुङ दाइ (बेसक्याम्पका दुईमध्ये एक अति व्यस्त होटलका साहू) को हस्याङ-फस्याङमा हाँसेको अलि मिलेन है ।' उनलाई अलि आफूतिर नजिक्याएर कानमा फुसफुसाए, मलाई त ओ हेनरीको एउटा कथाको सम्झना भयो । अर्कामित्र दिनेश सत्याल (सौरभ) ले हाम्रो कानेखुसी देखेर सुस्त स्वरमा व्यंग्य गरे, जाडोबाट बच्ने उपायको खोजी हो कि साँच्चै गुप्तमन्त्रणा हो ?

अहिले होइन, भरे कोठा पाइयो भने यो प्रसंग त्यहीं सुनाउँला !

ओ हेनरीको लघुकथाको सारसंक्षेप थियो- 'युरोपको यस्तै बेसक्याम्पमा एउटा पर्वतारोहीले कहीं पनि बास पाएन । उसले एउटी केटीको ओछ्यानमा सँगै रात बिताउनुपर्‍यो । खाटको बीचमा तकिया राखेर उनीहरू सुते ।

भोलिपल्ट झिसमिसेमै पर्वतारोही उठ्यो र पहाड चढ्न तयार भयो । होटलबाट निस्कनु अघि युवतीलाई ब्युँझाएर भन्यो, तिम्रो मायाले गर्दा राति बास पाएँ, नत्र त म चिसोले कठ्यांग्रिएर मर्थें कि ! अब भने पक्कै यो चुचुरो चढ्छु ।

केटीले यतिमात्र भनी- 'राति यत्रो जावो तकिया त नाघ्ने साहस गरेनौं, हिमाल खै कसरी चढौला ?'

थोराङ बेसक्याम्पको सन्नाटामा दुवै मित्रको अट्टहास गुञ्जियो । दुवैले भने, धन्न हामीले भने कसैको ओछ्यानमा तकिया राखेर सुत्नुपरेन । मिचुङले तीन बेड भएको छुट्टै कोठा मिलाइदिए, एटेच ट्वाइलेट भएको । लगभग १५ हजार उचाइमा अवस्थित त्यो चिसो बतासे फेदीको होटलको भान्छा, डाइनिङ हल, करिडोरमा अन्य यात्रु तथा भरियाहरूले ठसाठस भएर रात काट्नुपरेको थियो । सिजनमा पर्यटकीय क्षेत्रको भीडभाड थाहा पाउन मिचुङको त्यो माटो छापेको छाना भएको होटल एउटा पाठशाला नै थियो ।





होटलबाट निस्कनु अघि युवतीलाई ब्युँझाएर भन्यो, तिम्रो मायाले गर्दा राति बास पाएँ, नत्र त म चिसोले कठ्यांग्रिएर मर्थें कि ! अब भने पक्कै यो चुचुरो चढ्छु ।

थोराङ विश्वप्रसिद्ध पदयात्रा मार्ग रहेको कुरो हामीले पनि यात्रा सुरु गरेपछि मात्र थाहा पायौं । अन्नपूर्ण हिमाललाई परिक्रमा गरिने तीन साता लामो 'विदेशीको पदयात्रा मार्ग' साँच्चै रोमाञ्चकारी छ । नेपालीले दुर्गम ठान्ने त्यो ठाउँ विदेशी कोलाहलले गुल्जार छ । नेपालीभन्दा 'अम्रिकाने' धेरै देखिन्छन् । विश्वका ६ वटै महाद्वीपका मानिस पुग्नेरहेछन्- अफ्रिका, उत्तर-दक्षिण अमेरिका, अष्ट्रेलिया, युरोप सबै महादेशका । अंग्रेजी, स्पेनिस, चिनियाँ, पोर्चुगिज, रूसी, जर्मन, जापानी कुन भाषा बोल्न चाहनुहुन्छ ? बोल्नेहरू बग्रेल्ती पाइन्छन् । नेपाली बोल्ने भने फाट्टफुट्ट छन् । त्यसपछि हिन्दी भाषी छन् । मनाङ जिल्लाकै जनसंख्याभन्दा चार गुणा बढी त विदेशी पर्यटक त्यहाँ पुग्नेरहेछन् । थोराङ मनाङ जिल्लाको होइन, यो त अष्ट्रियाको साल्सवर्ग पुगेजस्तै लाग्छ । जबकि अष्ट्रिया सिंगै देशभन्दा मनाङ-मुस्ताङको भूभाग बढी होला ।

हजारौं-हजार विदेशी 'गोरे'हरू के पाउन बेँसीसहरदेखि २१ दिन हिँड्छन् होला ? तर अन्नपूर्ण परिक्रमा गरेर लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी जिल्ला काटेर कास्कीको पोखरा पुग्ने पदयात्रीहरू भन्दारहेछन्, 'नेपाल साँच्चै भू-स्वर्ग रहेछ । मैले पढेर, सुनेर र तस्वीर देखेर जति यो पदयात्राबारे थाहा पाएको थिएँ, त्योभन्दा कता हो कता उत्कृष्ट रहेछ यो ठाउँ । अझै वर्षौं-वर्ष यो देश उत्साही पदयात्रीको आकर्षण रहिरहनेछ ।'

विदेशी पदयात्रीहरूको यो आकर्षणको तिर्खा नेपालीहरूलाई पनि जगाउनु जरुरी छ । साह्रै न्यून अर्थात् एकादुई नेपालीले मात्र यात्रा गर्ने अन्नपूर्ण परिक्रमामा आमनेपाली सहभागी हुनथाले भने आफ्नो भूगोल, जनजीवन र संस्कृति चिन्न पाइनेछ ।

'नयाँ नेपाल' बनाउने गफ चुटिरहेको बेला यस्तो देश-दर्शन अझ जरुरी छ । पदयात्रा गर्दा हिँड्नु, स्वच्छ सास फेर्नु, पसिना बग्नु स्वाभाविक हो । तर यो पदयात्रा मार्ग यति सुविधायुक्त छ, चाहेको स्वादिष्ट परिकार खान पाइन्छ । आवास एकदमै आरामदायी र सफा छ । सहरवासीले त पत्याउनै गाह्रो । बिजुली चौबीसै घन्टा उपलब्ध छ । लोडसेडिङको प्रभावै हुँदैन मनाङमा । टेलिफोन संसारभरि गर्न पाइन्छ, बाटो-बाटोमा साइवर क्याफे भेटिन्छन् । पानी सुगम छ । पियुष हालेपछि मिनरल वाटर किन्नुपर्छ भन्ने छैन । झरना यति रहेछन् कि मैले त नाम नै राखिदिएँ- मनाङ झरनाको राजधानी हो । बाटोभरि जंगली रूख-बिरुवा फुलेका, भू-बनोट कसैले बगैंचा बनाएझैं देखिन्छ, भोग्न पाइन्छ । अनेक चराचुरुंगी, घोरल, चौंरी गाईसँग भेटघाट हुन्छ ।

नेपाली मूल्यमा विदेशी पर्यटकले पाउने सुविधा एक नेपालीले पनि पदयात्रा मार्गमा पाउँछ । महँगो होला, टुरिष्टमात्र जाने ठाउँ हो भन्ने पटक्कै छैन । यो मार्गमा नेपाली भनेपछि केही मूल्य घटाउने आमचलन छ, यति होटल मनाङका विनोद गुरुङले भने । देशभर वर्षाऋतु जारी रहेको बखत मनाङमा हिउँदे तरकारी के खानुहुन्छ- काउली, बन्दा, गाजर, थरीथरीका साग !

यो सबै देख्दा नेपालीहरू अन्नपूर्ण परिक्रमा गर्न ओइरिनुपर्ने हो । यहाँका घर-होटल बाह्रै महिना खाली नै नहुनुपर्ने हो । कमसेकम देशमा बालिग मताधिकार पाएका तर देशको विशेषता थाहा नपाएका एसएलसी दिएदेखि विश्वविद्यालय अध्ययन गर्दै गरेका १८-२५ वर्ष उमेरभित्रका युवा-युवती देशदर्शनमा लाग्नैपर्छ । राज्यले पनि कर्मचारीलाई दुर्गम भत्ता दिएजस्तो विद्यार्थीलाई पनि देशका विभिन्न ठाउँ घुम्न, अध्ययन गर्न बाध्यात्मक रूपमा जानुपर्ने व्यवस्था गर्नुपर्छ । राज्यले भावी पुस्तालाई देशप्रति समवेदनशील बनाउन लगानी गर्नैपर्छ ।

यसो हुनसक्यो भने थोराङ यात्राबाट नेपाली यात्रु पनि मनाङ-मुस्ताङ यात्रा गरेर विश्वकै अर्को गोलार्द्ध भनिने हिमालपारि पुग्नेछन् । उनीहरूले सबैभन्दा पहिला पाठ्यपुस्तकमा पढेको 'हाम्रो देशको उत्तरतर्फ हिमाल छन्' भन्ने भनाइ सच्याउनेछन् । मनाङ-मुस्ताङ जिल्लाबाट हिमाल उत्तर होइन, दक्षिणतर्फ पर्छन् ।

मनाङको विशेषता बस्तीसँगै हिमाल रहनु हो । जुन घर-होटलमा बसिन्छ, ठीक त्यसको सामुन्ने दक्षिणतर्फ ठिङ्ग हिमाल उभिएको हुन्छ । थोराङ जाँदा बाटोमा पर्ने मनाङ गाउँ राजधानीको ठमेलजस्तै छ । तर त्यहाँ बसेर हिमाल, ग्लासियर, नदी, ताल नांगा आँखाले हेर्न पाइन्छ । चुचुरोमा हिउँ पर्छ, थुप्रिन्छ, त्यो पग्लेर बग्छ, तालमा पानी जम्छ र त्यो पानी गंगापूर्ण ताल नाघेर मर्स्याङदी नदीमा मिसिएको एकै सटमा क्यामेराले खिच्न सकिन्छ । त्यतिमात्र होइन, आफ्नै क्यामेरा अर्कोलाई दिएर त्यही ब्याकग्राउन्डमा आफ्नो तस्वीर खिच्न र फ्रेम हालेर घरको भित्तामा टाँस्न सकिन्छ । हिमाल र हिउँ टेक्न, छुन र देख्न पाइनेमात्र होइन, थोराङतर्फ अगाडि बढ्दै जाँदा दर्जनौं चुचुरा पदयात्रीको कुमभन्दा तल देखिन्छन् ।

यो यात्रामा उत्साह थप्ने यति धेरै कुरा छन्, जोकसैको मन त्यसै-त्यसै उत्ताउलिन्छ । विदेशी पर्यटक अँगालो मार्दै भावविह्वल भएको मिटर-मिटरको दूरीमा भेटिन्छन् ।

यात्रा गरेर फर्केकाहरू हलुका भएको शरीर, दुई-चार घन्टा हिँड्दा पनि दम नफुल्ने फोक्सो, कैंडा नलाग्ने खुट्टा, हिँड्दा प्रफुल्ल हुने मनले औधी हौसिएका हुन्छन् । खुर्सानी नफल्ने ठाउँ भए पनि सुर्सानीमा टिम्मुर हालेर हरेक छाक छोप खान्छन्, मनाङेहरू । पिरा खुर्सानी मनाङ जानेहरूले कोशेली लिएर जाउन् ।

bhandarykm@yahoo.com

## सिउँडी



■ विमल निभा

# कुण्डलिनी जागृत भयो

'जय सतीमैयाकी !'

'जय सतीमैयाकी !' सेठजीले मुस्कुराएर भने, 'जानोस्-जानोस्, प्रवचन सुरु भइसक्यो ।'

म र काजीमान हतार-हतार भर्‍याङ चढ्न थाल्यौं ।

केही महिनादेखि हामी 'सतीमैया अध्यात्म केन्द्र'मा नियमित रूपले धाइरहेका थियौं । काजीमानको जोडले गर्दा म पनि सदस्य भएको थिएँ । महिनाको तीन सय पचास तिर्नुपर्थ्यो ।

निकै ढिलो भइसकेको थियो ।

हामी पछिल्तिरको लाइनमा गएर लुसुक्क बस्यौं ।

हामीतिर क्रोधले हेरेर लगभग तेइस-चौबीस वर्षको गेरुवा वस्त्राधारी पठ्ठो बाबाले फेरि प्रवचन थाले- 'योगमा कुण्डलिनी जागृत गर्नु सबभन्दा महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण योगादि क्रियाको निचोड यही हो । योगद्वारा शरीरको सातै चक्र सक्रिय भइसकेपछि कुण्डलिनी जागृत हुन्छ ...।'

मेरो ध्यान प्रवचनमा पटक्कै थिएन ।

काजीमान मुग्धभावमा दुवै आँखा चिम्लेर सुनिरहेको थियो ।

'सतीमैया अध्यात्म केन्द्र' सेठजीको नयाँ भवनमा भर्खरै सारिएको थियो । तल धान, गहुँ, जौं, आलस, मकै, चना, मटर आदिको खरिद-बिक्री हुन्थ्यो भने माथि तलामा योग, ध्यान, प्रवचन आदि सुचारुपूर्वक चल्ने गर्थ्यो । गल्लाको कामबाट केही फुर्सद हुनासाथ सेठजी माथि आएर अध्यात्ममा उत्साहसाथ लाग्थे । कहिलेकाहीँ मञ्चमा आएर बाबाको साटो आफैं प्रवचन पनि दिन्थे ।

'काजीमान ...।' म कानमा फुसफुसाएँ ।

काजीमानले सुस्तरी एउटा आँखा खोलेर मलाई हेर्‍यो ।

'अगाडि चुन्नी काकीसँग बसेकी रातो कुर्ता-सलवारकी तरुनी को हो ?' मैले विस्तारै सोधें ।

'चुप लाग !' मलाई काजीमानले आँखै-आँखामा हप्काएको जस्तो लाग्यो ।

सेठ वनवारीमल आध्यात्मिक चेतका थिए । व्यापार-व्यवसायको मामलामा जिल्लाभरि पक्का मानिन्थे । जेसुकैमा पनि नाफा लिन सक्थे । चाहे त्यो अध्यात्म नै किन नहोस् । 'सतीमैया अध्यात्म केन्द्र'को पनि यही स्थिति थियो । उनको 'धानुका राइस मिल'झैं यो पनि पूरै नाफामा चलिरहेको थियो ।

'कुण्डलिनी जागृत गर्नु पवित्र धार्मिक क्रिया पनि हो । यसले शरीर शुद्धिमात्र गर्दैन, आत्मालाई पनि परमात्मासँग जोड्छ । यही आत्मा र परमात्माको मधुर मिलन नै सारमा योग हो । जय सतीमैयाकी ...।' सदाझैं जयकारको एक तिखो निनादका साथ बाबाले प्रवचन सक्याए ।

तत्पश्चात सतीमैयाको ठूलो तस्वीर तल चाँदीको थालीमा छोपेर राखिएको प्रसाद वितरण गरियो ।

मैले दुई हात थापेर लिएँ ।

आज प्रसादमा सोहन हलुवाको प्रधानता थियो ।

(मलाई अध्ययनको सिलसिलामा आफ्नो गृहनगर छाडेर काठमाडौं जानुपर्ने भयो । यसले गर्दा 'सतीमैया अध्यात्म केन्द्र'सँगको लामो सहबासको हठात् अन्त्य भयो ।)

म 'आकाशगंगा कम्प्युटर सेवा केन्द्र'बाट क्लास लिएर लुरुलुरु घर फर्किरहेको थिएँ, नयाँवानेश्वर चोकमा कुनै परिचित अनुहार र आकृतिको व्यक्ति देखापर्‍यो ।

'काजीमान ...।' म परैबाट कराएँ ।

मेरो 'लंगौटिया यार' काजीमान नै थियो ।

'के हाल-खबर छ यार ?'

हामीले निकै बेरसम्म परस्पर कस्सिलो हात मिलायौं ।

'मेरो पनि काठमाडौंमा सरुवा भयो ।' काजीमान राष्ट्रिय वाणिज्य बैंकको क्यासियरमा जागिरे भएको तीन वर्ष पुगिसकेको थियो, थाहा भयो ।

यत्तिका वर्षपश्चात मित्रमिलाप भएकोले हामी दुवै बडो भावुक भएर पुराना कुरामा अल्झ्यौं । काजीमान मेरो तुलनामा कम बोलिरहेको थियो । आखिरीमा मैले भनें, 'काजीमान, 'सतीमैया अध्यात्म केन्द्र'को के भयो ?'

'नसोध यार !' उसको स्वरमा विरक्ति थियो ।

'किन, के भयो ?' म हाँसें, 'के तिम्रो कुण्डलिनी जागृत भयो ?'

'मेरो त होइन, तर ...।' मैले उसको कुरो बीचमै काटेर भनें,

'कुण्डलिनी जागृत गर्नु पवित्र धार्मिक क्रिया पनि हो । यसले शरीर शुद्धिमात्र गर्दैन, आत्मालाई पनि परमात्मासँग जोड्छ ।

'कसको भयो त ?'

काजीमानले सतर्क आँखाले मलाई हेर्‍यो । केहीबेर मौन धारण गर्‍यो । त्यसपछि विस्तारै भन्यो, 'तिमी गइसकेपछि लगत्तै 'सतीमैया अध्यात्म केन्द्र' बन्द भयो, अब त्यसको अस्तित्व छैन ।'

'कसरी काजीमान ?' मेरो उत्सुकता चरममा थियो ।

'त्यो पठ्ठो बाबाको तिमीलाई सम्झना होला, त्यसले लाखौं रुपैयाँसहित सेठजीको आफूभन्दा दोब्बर उमेरकी सेठानीलाई उडाएर लग्यो । आमा-छोरा भन्ने खालको थियो । सुन्छु, अचेल पटनामा कतै सँगै बसेको छ । बाबालाई एक्लै मुम्बईमा भेटेको थिएँ भन्नेहरू पनि छन् । जे होस्, सेठजीको चाहिँ बिजोक छ । उनी पूरै वैरागी भएका छन् । व्यापारबाट पनि उनको मन हटिसकेको छ । यस्तोमा 'सतीमैया अध्यात्म केन्द्र' चल्ने कुरै भएन ।'

'हामीलाई सिकाउँदा-सिकाउँदै बाबाकै कुण्डलिनी जागृत भएछ ।' मैले भनें ।

काजीमान चुपचाप टोलाइरहेको थियो ।

'कुनै एकजनाको भए पनि कुण्डलिनी जागृत त भयो नि, यसले 'सतीमैया अध्यात्म केन्द्र' सार्थक भएको मान्नुपर्छ, होइन त काजीमान ?'

काजीमानले मेरो ठट्टा नरुचाएको अनुहार बनायो ।

'जय सतीमैयाकी !' मैले एक्कासी त्यसबेलाको अनिवार्य अभिवादनलाई सम्झें ।

'जय सतीमैयाकी !' मेरो 'लंगौटिया यार' काजीमानले यसपटक मेरो अभिवादन सोही प्रकारले फर्कायो ।

# हिन्दी गीतको मोह

■ ब्रजेश

पर्दा खुल्छ, अनि स्टेजमा बत्ती घरिघरि मधुरो, घरिघरि तेज हुन थाल्छ । सङ्गीत बज्न थाल्छ र नाच सुरु हुन्छ । यहाँसम्म त कुरो साधारण नै लाग्छ । दर्शकका आँखा स्टेजमा सङ्गीतको लय र तालमा हल्लिरहेका मानव आकृतिसँग रमाइरहेका हुन्छन् । अनि सुरु हुन्छ, गीतको बोल । एउटा सी ग्रेडको हिन्दी चलचित्रको तथाकथित आइटम नम्बर,

"नथनी उतारो सम्भल के पिया...."

झट्ट सुन्दा तपाईंहरूलाई वामदेवजीले बक्रदृष्टि लगाएका डान्स रेष्टुरेन्टहरूमध्ये कुनै एकको वर्णनजस्तो लाग्न सक्छ । तर यो वर्णन केही दिनअघि राजधानीको एउटा नाम चलेको विद्यालयको अभिभावक दिवसको हो । साना-साना कक्षाका विद्यार्थीहरूका अभिभावकहरू आमन्त्रित उक्त कार्यक्रममा पाँच कक्षाका साना-साना बालबालिकाहरू यो गीतमा नाच्दै थिए । ती कलिला विचरा बालबालिकाहरू जसलाई आफूले नाचिरहेको गीतको अर्थ पनि थाहा थिएन ।

मलाई यो देख्दा साह्रै नरमाइलो लाग्यो । एक त नेपाली गीत-सङ्गीतको कुरामा अलि बढी नै समवेदनशील भएको कारणले पनि मलाई त्यो देख्दा कस्तो-कस्तो लाग्नु स्वाभाविकै थियो । यति धेरै गीतहरू हाम्रै भाषामा हुँदाहुँदै हिन्दी गीतमा किन नचाउनुपर्ने बाध्यता हो ? अर्को कुरा कस्तो गीत हो र त्यसको अर्थ के हो भन्नेसमेत पनि नसोची बालबालिकालाई यसरी नचाउनुलाई मैले हेलचेक्र्याइँबाहेक अरू केही मान्न सकिन । विद्यालयका वरिष्ठ शिक्षक र सहायक प्रधानाध्यापकहरूलाई मैले यसबारे सोध्दा उहाँहरूले आफूलाई त्यो गीतको अर्थ थाहा नभएको भनेर एकदमै साधारण हिसाबले गैरजिम्मेवारीपूर्ण उत्तर दिएर पन्छिए । तिनको भावमा गल्तीबोधको सानो अवशेषसम्म पनि थिएन । मलाई यस्तो लाग्यो, मानौं यो कुनै गुनासो गरिरहनुपर्ने कुरा नै थिएन । त्यो निर्विकार प्रतिक्रिया देख्दा एकछिन त मलाई कतै म नै चाहिनेभन्दा बढी भावुक भएको त होइन भन्ने पनि सोच्न बाध्य बनायो ।

जबसम्म हामीले व्यवहारमा हाम्रो गीत-सङ्गीतलाई माया गर्दैनौं, तबसम्म त्यसको विकास हुन गाह्रो हुन्छ ।

अब एकछिन त्योभन्दा केही दिन अघिको अर्कै कुरा गरौं । एउटा नेपाली चलचित्रले ५१ दिन मनाएको अवसरमा आयोजित कार्यक्रममा म सहभागी हुनपुगेको थिएँ । समयमा पुग्ने कुलतको सिकार भएको नाताले निकै बेर कुर्नुपर्‍यो । हलभित्र अचानक लाउडस्पीकरमा हिन्दी फिल्मको गीत बज्न थाल्यो । मलाई अचम्म पनि लाग्यो, किन त्यहाँ त्यही नेपाली फिल्मको गीत बज्न सक्दैन, जसको सफलता मनाउन हामी सबै त्यहाँ भेला भएका थियौं । सम्बन्धित निर्मातालाई पनि त्यो कुराले केही फरक परेको जस्तो लाागेन । निकै बेरपछि मैले नै सहन नसकेर मुखै फोरेर भनेपछि मात्र त्यहाँ नेपाली गीतले पालो पायो । मलाई किन टाउको दुखेको होला भनेर मैले बुझ्न सकिन ।

यी बाहेक हामी पिकनिक, पार्टी, बिहेवारी जतातातै हिन्दी गीतहरूले नेपाली गीतलाई ओझेलमा पारेको देख्छौं । आमसञ्चारका माध्यमहरू विशेष गरेर एफएममा हिन्दी सङ्गीतको बर्चस्व कायम भएको देखिन्छ । कार्यक्रम सञ्चालकहरू जिब्रो फट्कारी-फट्कारी हिन्दी अभिनेताका पुङ न पुच्छरका व्यक्तिगत कुरा सुनाउँछन् । नेपाली मान्छेका मोबाइल फोनका रिङटोनहरू पनि धेरैजसो हिन्दी गीतहरू नै बज्ने गरेका हुन्छन् । दूरसञ्चार लगायतका सेवाप्रदायकहरूले हिन्दी गीतहरू सीआरबीटीमा उपलब्ध छन् भनेर गर्वका साथ विज्ञापन गर्ने गर्छ । मन्दिरमा भजनको पनि त्यही हुन्छ ।

हिन्दी सङ्गीतसँग मेरो कुनै खानदानी शत्रुता छैन । म आफैं पनि हिन्दी गीत र उर्दू गजलहरू सुन्छु । महदी हसन, तलत महम्मुद, किशोरकुमार, आशा भोँसले र अन्य थुप्रै त्यस्ता कलाकारहरू मलाई मनपर्छन् । कला र कलाकारको जात, देश र धर्म हुँदैन भनेर म आफैं बारम्बार भन्ने पनि गर्छु । मेरो गुनासो कतिमात्र हो भने जबसम्म हामीले व्यवहारमा हाम्रो गीत-सङ्गीतलाई माया गर्दैनौं, तबसम्म त्यसको विकास हुन गाह्रो हुन्छ । हिन्दी, अंग्रेजी गीतहरूलाई हामीले प्रश्रय नदिएर केही हानि पुग्दैन । उनीहरूका श्रोताहरूको एउटा ठूलो जमात छ । तर हाम्रो गीत-सङ्गीतका लागि त जे हौं, त्यो हामी नै हौं । तर हामी कहिले श्रोताहरूको स्वादलाई, कहिले स्रष्टाहरूको सिर्जनाको स्तरलाई अनि कहिले सम्बन्धित निकायको उदासीनतालाई दोष थोपरेर पन्छिन्छौं । आफूले भने के गरिरहेका छौं भन्ने कुरामा अलिकति पनि ध्यान दिँदैनौं । हरे ! हामीले कहिले हाम्रो गीतलाई माया गर्न सिक्ने ?

brazesh@gmail.com

# नेपालमा ईस्वी संवत्



डा त्रिरत्न मानन्धर

संसारका धेरैजसो देशमा प्रचलित ईस्वी संवत्को ईशु ख्रिष्टसँग कुनै सम्बन्ध छैन । यो इसाईहरूको संवत् पनि होइन । रोमन संवत्को विकसित रूपमात्रै हो । ईपूको आठौं शताब्दीको मध्यतिर अनौपचारिक रूपमा स्थापित यस संवत्मा सुरुमा दस महिना र जम्माजम्मी ३०४ दिन हुन्थे । त्यसबेला यो संवत्मा दिनरात चान्द्रमानअनुसार गणना गरिन्थ्यो । ईपूको ६७३ तिर रोमन सम्राट नुमा पम्पिलियसले दुई महिना थपी यो संवत्लाई चान्द्रमानअनुसार ३५५ दिनको बनाए । त्यतिबेलादेखि नै यो संवत् मार्चको सट्टा जनवरीबाट सुरु हुने भयो । योभन्दा अघि जनवरी र फरवरी महिना थिएनन् ।

ईसा पूर्वको पहिलो शताब्दीमा मिश्रका एक ज्योतिषले रामन शासक जुलियस सिजरलाई दिएको सल्लाहबमोजिम रोमन पात्रोलाई सौरमानअनुसार ३६५ दशमलव २५ दिनको बनाइयो । प्रत्येक चार वर्षमा फरवरी महिनामा एक दिन थप्ने व्यवस्था मिलाइयो । यो बेलादेखि रोमन पात्रो जुलियन क्यालेन्डरको नामबाट प्रचलित भयो । सन् ५३० तिर एक इसाई पदाधिकारीको सुझावअनुसार यो संवत्लाई इसाई संवत्को रूपमा घोषणा गरी ईसु ख्रिष्टको जन्मदेखि गणना गर्ने गरी प्रचलनमा ल्याइयो । गणना अनुसार यो पात्रो ३६५ दिन ६ घन्टाको हुन्थ्यो, जबकि सौरमानको गणनाअनुसार वर्षको ३६५ दिन ५ घन्टा ५८ मिनेट ४८ सेकेन्ड हुने भएकोले यो पात्रो वर्षमा १ मिनेट १२ सेकेन्ड बढी भई १२८ वर्षमा करिब १ दिन लामो हुने भयो । यो तथ्यलाई एकजना इसाई पदाधिकारीले ईसाको आठौं शताब्दीमै प्रमाणित गरे पनि त्यतिबेला कसैले यसतर्फ ध्यान दिएन । अन्ततोगत्वा सन् १५८२ मा पोप ग्रेगोरी तेह्रौंले सो गडबडीलाई सच्याई दस दिन (५ देखि १४ अक्टुबर) घटाए तथा ४ सले भाग लाग्ने शताब्दीमा मात्रै १ दिन थप्ने नियम बसाले । नयाँ व्यवस्थाअनुसार १७००, १८०० र १९०० साविकअनुसार ३६५ दिनको हुने र सन् २००० मात्रै लिप इअर अर्थात् ३६६ दिनको हुने भयो । यसपछि यो पात्रो ग्रेगोरियन क्यालेन्डरको नामले चिनियो ।

पोपको यो निर्णयलाई युरोपका धेरैजसो इसाई राष्ट्रहरूले अनुसरण गरे पनि बेलायतले भने सन् १७५२ देखिमात्रै अमेरिका लगायत आफ्ना उपनिवेशहरूमा लागू हुनेगरी ११ दिन घटाई (३ देखि १३ सेप्टेम्बर) अन्य युरोपेली राष्ट्रले जस्तै यो पात्रोलाई नयाँ रूप दिए । यो गणना आजसम्म यथावत कायम छ । तापनि यसमा केही त्रुटि रहेको तथ्य युरोपेली ज्योतिषहरूले उल्लेख गरी भविष्यमा यसमा सुधार गरिनुपर्ने तथ्य औंल्याए । यसरी सन् १५८२ मै सुधार गरिएको पात्रोलाई बेलायतले १७० वर्षपछि (सन् १७५२ मा) प्रयोगमा ल्याउँदा त्यसबीचमा लेखिएका यात्रा वर्णनसहितका साहित्यमा महिना र तारिख र कहिलेकाहीँ वर्षमा पनि एकरूपता आएन । फलस्वरूप त्यतिबेलाको मिति निर्धारण आजसम्म पनि समस्याको रूपमा रहेको छ ।

नेपालले कहिल्यै पनि ईस्वी संवत्लाई आधिकारिक रूपमा प्रयोग गरेको पाइँदैन ।

नेपालले कहिल्यै पनि ईस्वी संवत्लाई आधिकारिक रूपमा प्रयोग गरेको पाइँदैन । मध्यकालमा इसाईहरूको नेपाल आगमनपछि उनीहरूका संस्मरणहरूमा तथा पछि नेपालमा अंग्रेज दूत बसेपछि उनीहरूका पत्रमा यो संवत् केही मात्रामा प्रचलनमा आए पनि नेपालका आधिकारिक पत्रहरूमा ईस्वी संवत्को प्रयोग गरिएन । ००७ पछि बाहिरी मुलुकसँगको पत्राचारमा यो संवत् प्रयोग भए पनि राष्ट्रियस्तरमा यसको प्रयोग अंग्रेजी भाषाको सामग्रीमा मात्रै सीमित रह्यो ।

नेपाल सरकारले नेपाल संवत्लाई आधिकारिक रूपमा राष्ट्रिय मान्यता दिइसकेपछि केही व्यक्तिहरू अव्यावहारिकताको प्रश्न उठाउँदै ईस्वी संवत्को महिना र तारिख प्रचलनमा ल्याउनुपर्ने कुरा गर्दैछन् । कुनै पनि कुरा व्यवहारमा ल्याएपछि स्वतः नै सजिलो हुँदै जाने भएकोले नेपाल संवत्को महिना र तिथिलाई नै आवश्यक परिमार्जन गरी व्यवहारमा ल्याउनु उचित देखिन्छ ।

यसको लागि शुक्लपक्ष पारुदेखि कृष्णपक्ष आमावश्यसम्म हुने दिन गन्तीलाई दिनांक मानी प्रयोगमा ल्याउन सकिन्छ । यसबारे एउटा पात्रो देवदास मानन्धर र समीर कर्माचार्यद्वारा प्रयोगात्मक रूपमा निष्काशन पनि भइसकेको छ । यसबारे नेपाल सरकारद्वारा गठन हुने उच्चस्तरीय समितिले छानबिन गरी आवश्यक निर्णय लिनु उचित हुनेछ ।

नेपाल सरकारले यही पुस १७ अर्थात् १ जनवरीदेखि नै विक्रम संवत्का सट्टा ईस्वी संवत्लाई आधिकारिक रूपमा कार्यान्वयनमा ल्याउने तयारी गरिसकेको र केवल मन्त्रिपरिषदको निर्णयमात्रै बाँकी रहेको सञ्चारमाध्यमले उल्लेख गरेका छन् । यदि यो साँचो हो भने यसलाई राष्ट्रको निम्ति दुर्भाग्यपूर्ण मान्नुपर्छ । नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिइसकेपछि ईस्वी संवत्लाई राष्ट्रिय संवत्को रूपमा प्रयोग गर्नु विलकुलै अनुचित कुरा हो ।

अन्तर्राष्ट्रिय स्तरमा ईस्वी संवत्लाई प्रयोगमा ल्याउनु साधारण कुरा हो । नेपालले धेरै वर्ष अगाडिदेखि नै विदेशी राष्ट्रसँगको पत्राचारमा ईस्वी संवत् नै प्रयोग गर्दैआएको छ र यसमा कसैले विरोधको स्वर पनि उठाएको छैन ।

# दिल्लीको मेट्रोमा सरर



दिनेश वाग्ले

यसै महिनाको सुरुतिर मैले नयाँदिल्लीको मेट्रो रेल चढ्नु पछाडि दुई कारण थिए । पहिलो, द्वारकाबाट सेन्ट्रल सेक्रेटेरियट पुग्न सबैभन्दा सजिलो यातायात माध्यम त्यही थियो । मेट्रोको अन्तिम स्टेसन सेक्रेटेरियटबाट म बसमा जंगपुरा एक्स्टेन्सनको फल्याटमा पुग्न सक्थेँ । दोस्रो, संसारकै उत्कृष्ट मध्येको एक सहरी यातायात प्रणाली भनि व्यापक रूपमा वर्णन गरिएको प्रख्यात मेट्रो हेर्न चाहन्थेँ म । शंकै छैन, दिल्लीको गज्जवको रेल प्रणाली भारतीय राजधानीका शीर्ष पर्यटकीय गतव्य मध्येको एक भएको छ । बेला-बेला आइफोनमा इन्टरनेट ब्राउज गर्दै ३० किलोमिटर जतिको दूरी यात्रा गर्दा मैले सुविधासम्पन्न ट्रेन डिब्बाभित्रको जीवन्त वातावरणको मात्रै मजा लिइन, तीन तले घरको उचाइबाट सहरको अवलोकन पनि गरेँ । अग्ला र मोटा खम्बामा अडिएको रेल ट्र्याक सडक माथिबाट जान्छ । तल सडकमा ठाउँ र गतिका लागि तँछाड-मछाड गर्ने गाडीहरू तिनका चालक र यात्रुलाई थकाई लागुन्जेल रातो बत्तीमा अड्किन्छन् । माथि वातानुकूलित डिब्बाका यात्रुलाई ट्राफिक जामसँग मतलवै भएन ।

मेट्रो प्रत्येक चार मिनेटमा स्टेसन आइपुग्छ, जसले गर्दा मानिसहरू तिनका घडीले देखाउने समयमा साँच्चिकै विश्वास गर्न सक्छन् । जे कुरा पनि आधा घन्टा ढिला हुने कुख्यात नेपाली टाइम (नेपाल स्टचान्डर्ड टाइम) को भारतीय समकक्षी इन्डिया स्ट्रेचेवल (तानतुन गर्न मिल्ने) टाइम मेट्रोमा लागू हुँदैन । टिकट प्रणाली लगभग स्वचालित छ । काउन्टरमा गएर गन्तव्य उल्लेख गर्दै पैसा तिरेपछि टोकन पाइन्छ, त्यसलाई 'टिकट गेट'मा लगेर हल्का छुवाएपछि ढोका फुत्त खुल्छ । अनि प्लेटफर्ममा जाने र ट्रेन पर्खिने । जब आउँछ, भित्र छिर्ने । पूरै प्रक्रिया कति व्यवस्थित र सजिलो लाग्यो भने त्यसको तुलना मलाई माइक्रोसफ्ट विन्डोजसँग गर्न मनलाग्यो । कम्प्युटरको खासै ज्ञान नभएको व्यक्तिले पनि जसरी एमएस वर्ड फाइल खोलेर चिठ्ठी टाइप गर्न सक्छ (विन्डोजभन्दा अगाडि 'डस'को जमानामा त्यो कहाँ त्यति सजिलो थियो र ?) त्यसैगरी ट्रेन चढेको अनुभवै नभएकाहरू पनि मेट्रोमा यात्रा गर्न सक्छन् ।

छ वर्षअघि दिल्लीमा मेट्रोको उद्घाटन हुँदा अवस्था त्यस्तो थिएन । दिल्ली मेट्रो बनाउने व्यक्ति केरेलाका इलात्तुभालापिल श्रीधरणलाई 'एसियाली हिरो'को संज्ञा दिँदै टाइम म्यागेजिनले २००३ मा मेट्रोको पहिलो दिनलाई 'होहल्लापूर्ण' भनी वर्णन गरेको थियो । दक्षिण कोरियामा बनेका ट्रेनहरूमा चढ्न १० लाखभन्दा बढी व्यक्ति पुगेका थिए र तिनीहरूले प्लेटफर्ममै पिसाब फेरिदिए, धुन सुन्नकै लागि आपतकालीन अवस्थामा ट्रेन रोक्न प्रयोग गरिने स्वीचहरू थिचिदिए र ३० हजार टोकन आफैंसँग लिएर हिँडे । त्यो घटनाले मेट्रो अधिकारीहरूलाई स्थानीय रेडियोहरूमा विज्ञापन गर्न प्रेरित गर्‍यो । 'पिउने, मात्ने होइन,' विज्ञापनहरूले भने- 'गालीगलौजको भाषा प्रयोग नगर्ने, दूधका क्यान र घरपालुवाहरू नल्याउने । डिब्बाका स्वीच र मेसिनहरू नबिगार्ने ।'

माथि उल्लेख गरेँ, अहिले त्यो सबै अर्कै युगको कथाजस्तो लाग्छ । यद्यपि भारत न पर्‍यो, जापान होइन । त्यसैले कतिपय समस्याहरू छँदैछन्, जसलाई नियन्त्रण गर्न र मेट्रोको वातावरण थप सुमधुर बनाउन दुई साताअघि एउटा अभियानको घोषणा गरियो । 'नागरिकहरूको स्वयम्सेवा मञ्च'को उद्देश्य डिब्बा र प्लेटफर्ममा अनुशासनहीन यात्रुलाई तह लगाउनु र अनावश्यक क्रियाकलापमा दृष्टि पुर्‍याउनु हुनेछ । 'स्वयम्सेवकहरू स्वनिर्देशित हुनेछन् र उनीहरूलाई पैसा दिइने छैन', मेट्रोका प्रवक्ता अनुज दयालले एउटा समाचार एजेन्सीलाई भने- 'उनीहरूले



दिल्लीको रेल प्रणाली भारतीय राजधानीका शीर्ष पर्यटकीय गतव्य मध्येको एक भएको छ ।

महिला र वृद्धहरूलाई सिट उपलब्ध गराउने, उच्चस्वरमा संगीत बजाउन नदिने, होहल्ला नियन्त्रण गर्ने, अनुशासन कायम गराउने जस्ता काममा वार्डेनको भूमिका खेल्नेछन् ।' स्वयम्सेवा गर्न इच्छुक नागरिकहरूबाट मेट्रोले आवेदन माग्यो । आवेदन टन्नै परे । यस्तो लाग्यो, मेट्रोलाई राम्रो अभियानमा सबै सामेल हुन चाहन्छन् ।

'मेट्रोले मानिसको जीवनशैली र उनीहरूले यात्रा गर्ने तरिका बदलिदिएको छ', श्रीधरणले एउटा वेबसाइटसँगको अन्तर्वार्तामा भनेका छन्- 'यसले सामाजिक व्यहोरा बदलिरहेको छ, मानिसहरू बढी अनुशासित भइरहेका छन् । उनीहरूले सार्वजनिक सम्पत्तिको सम्मान गर्न थालेका छन् ।'

पश्चिममा सहरी यातायात प्रणाली नदेखेका नेपालका थुप्रैले दिल्ली मेट्रोमा चकितै तुल्याउने खालको संसार पाउनेछन्, जसको आफ्नै संस्कृति र भाषा छ । हाम्रो जनकपुर र भारतको जयनगरबीच शंखे कीराझैं घस्रिने त्यो संग्रहालयमा राख्न ढिला भइसकेको वस्तुबाहेक नेपालमा रेल छैन । त्यसैले नेपालको के कुरा गर्नु तर विश्वकै सबैभन्दा ठूलो रेल सञ्जाल भएको भारतका लागि पनि मेट्रो पूरै नयाँ र गज्जवको अवधारणा हो । यो सुन्दर र सफामात्र छैन, यसको यात्रा अनुभव सजिलो, सस्तो र निकै हदसम्म छिटो पनि हुन्छ । डिब्बाहरूको सुन्दर स्वरूप, योजनाबद्ध सूचना प्रणालीसहितका भव्य प्लेटफर्म र जमिनमुनि-माथि हुँदै बग्ने ट्र्याकका कारण मेट्रो नयाँदिल्लीका महत्त्वपूर्ण चिनारी मध्येको एक भएको छ ।

मेट्रो तीन रुटमा चल्छ र सबैको कुल लम्बाइ ६८ किलोमिटर छ । हाम्रो सिंहदरबारजस्तै भारतका महत्त्वपूर्ण सरकारी अफिसहरू रहेको ठाउँ सेन्ट्रल सेक्रेटेरियट, दिल्ली विश्वविद्यालय, पुरानो दिल्लीको मुटु चाँदनी चोक र नयाँदिल्ली सहरभित्रको पनि सहरको रूपमा वर्णन गरिने द्वारका लगायतका स्थानलाई मेट्रो सञ्जालले जोडेको छ । यही बुधबार मेट्रोले सञ्चालनको छैटौं वर्ष पूरा गर्‍यो । दैनिक यसमा ७ लाख २९ हजारले यात्रा गर्ने प्रवक्ता दयालले बताए । गत नोभेम्बर २४ मा अहिलेसम्मकै सबैभन्दा बढी ९ लाख ५१ हजारले यात्रा गरेका थिए । भारतको केन्द्रीय र दिल्ली सरकार मिलेर बनाएको खर्चियो योजनालाई जापानले सहुलियतपूर्ण ऋणमार्फत सहयोग गरेको छ ।

दिल्लीको व्यापकता र भयानक जनसंख्या हेर्दा मेट्रोको सञ्जाल उति प्रभावकारी लाग्दैन । त्यसैले सञ्जाललाई सहरभरि फैलाउने अभियान जारी छ । दिल्ली मेट्रो रेल कर्पोरेसनले टाँगेका 'कार्य प्रगतिपर हैं' लेखिएका थुप्रै साइनबोर्ड दिल्लीका सडकभरि नै देख्न सकिन्छ । लक्ष्यहरू तोकिएका छन् र समयमै काम सिध्याएर तिनलाई भेट्टाइएको छ । त्यो सबै जश इ. श्रीधरणलाई नै जान्छ, जो आफैंचाहिँ जश आफ्नो टोलीलाई दिन्छन् । सन् २०१० मा दिल्लीमा कमनवेल्थ गेम आयोजना गरिँदा राजधानी सहरमात्र होइन, पूरै भारतले मेट्रो सञ्जाल विश्वलाई सगौरव देखाउनेछ । हुन पनि मेट्रो भारतकै गर्वको विषय बनेको छ र थुप्रै ठूला सहरहरूले ठ्याक्कै यस्तै मेट्रो बनाइदिन श्रीधरणलाई आग्रह गरिरहेका छन् ।

'सबैभन्दा मुख्य कुरा दिल्ली मेट्रो पूरै विश्वका लागि भारतीय प्रगतिको प्रतीक बनेको छ', श्रीधरणले एउटा अन्तर्वार्तामा भनेका छन्- 'यसले हाम्रो देश, हाम्रो आर्थिक र प्राविधिक फड्कोप्रति निकै ध्यानाकर्षित गरेको छ ।'

इज्जत छ साथै मेट्रोले सम्भावित आक्रमणको खतरा सामना गर्छ । महिनैपिच्छे जस्तो आतंककारी हमलाहरू खेपिरहेको भारतमा उच्चकोटीको यो रेलसेवा एउटा सम्भावित निसाना बनेको छ । भारतीय सम्पन्नताको प्रतीकमा प्रहार गर्न कुन आतंकवादीलाई मन पर्दैन ? त्यसैले मेट्रोमा कडा सुरक्षा प्रणाली स्थापित छ । ट्रेनको डिब्बासम्म पुग्न हरेकले खानतलासी र मेटल डिटेक्टर हुँदै गुज्रनु अनिवार्य छ ।

*लेखक, कान्तिपुरका नयाँदिल्ली ब्युरो प्रमुख हुन् ।*

delhi@wagle.com.np